




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ७ गते शनिबार ❑ 21 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गाँजाखेतीसम्बन्धी विधेयकमाथि समितिमा छलफल जारी

**रासस**
काठमाडौं, ६ चैत

गाँजाखेतीलाई कानुनी वैधता दिन गण्डकी प्रदेश सरकारले ल्याएको विधयक प्रदेशसभाको अर्थ तथा विकास समितिमा छलफलका क्रममा छ।

गत कात्तिकमा प्रदेशसभामा पेस भएको 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' लाई प्रदेशसभाको यही कार्यकालमा पास गर्ने सरकारको तयारी छ । विधेयकबारे विज्ञसहित सरोकार भएका पक्षहरूबीच छलफल तथा रायसुझाव सङ्कलन गर्ने कार्य भइरहेको समितिका सभापति भोजराज अर्यालले बताउनुभयो । गत सोमबार विशेषज्ञसहित बसेको बैठकबाट विधेयकमा थप स्पष्टता ल्याउनुपर्नेलगायतका विषयमा महत्त्वपूर्ण सुझाव प्राप्त भएको उहाँको भनाइ छ। "विधेयकमा संशोधन प्रस्ताव राख्नुभएका प्रदेशसभा सदस्यज्यूहरूसँग छलफल गर्दै छौँ, सबैका रायसुझावलाई समेटेर प्रतिवेदन तयार गर्छौं", सभापति अर्यालले भन्नुभयो।

विधेयकमा रहेका कतिपय व्यवस्थाका बारेमा थप स्पष्टता ल्याउनुपर्ने देखिएकाले सो विषयमा सरकारसँग छलफल गरिने उहाँले बताउनुभयो । गाँजाखेती संवेदनशील विषय भएकाले हतार नगरी परिपक्क ढङ्गले विधेयकलाई पूर्णता दिइने उहाँको भनाइ छ। "आवश्यकता पर्दा पुनः विज्ञहरूसँग छलफल गर्छौं, समितिमा दफाबार छलफल सकिएपछि छलफलका लागि विधेयक प्रदेशसभामा जान्छ", सभापति अर्यालले भन्नुभयो । लामो समयदेखि बहसमा रहेको गाँजाखेतीलाई वैधता दिन प्रदेश सरकारले कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको हो। यसअघि प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत उक्त घोषणा गरेको थियो। सेवनका लागि नभई गाँजाको औद्योगिक र औषधिजन्य उत्पादनलाई मात्र वैधता दिने गरी प्रदेश सरकारले कानुन ल्याउन लागेको हो।

विधेयकमा गाँजाखेती र व्यवसायका लागि कडा प्रावधान राखिएको छ। प्रदेश सरकारले गाँजाखेती सम्बन्धी नौ प्रकारका इजाजत दिने गरी विधेयकमा व्यवस्था गरिएको छ। प्रतिव्यक्ति निवेदन दस्तुरको रु पाँच हजारदेखि खरिद बिक्रीसँगै आयात निर्यातका लागि रु एक करोड ५० लाखसम्म तिरेर अनुमति लिनुपर्ने पाउने व्यवस्था गरिएको छ।गाँजाखेतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकाबाट अनुमति लिनुपर्ने र सोको अन्तिम निर्णय गर्ने अधिकार मुख्मन्त्रीमा रहने गरी विधेयमा उल्लेख छ । अनुमतिविना गाँजाखेती, ओसारपसार र बिक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेल, महल जस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था गरिएको छ । गाँजाखेती व्यवस्थापन र नियमनका लागि शक्तिशाली 'गाँजा नियमन बोर्ड' गठनको प्रस्ताव गरिएको छ। लागुऔषधीसम्बन्धी सङ्घीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी कानुन बनाउनुपर्ने अवस्था भने विद्यमान छ।

## निकायप्रति प्रधानमन्त्रीद्वारा आभार व्यक्त

**रासस**
काठमाडौं, ६ चैत

प्रधानमन्त्री सुशीला कार्कीले मधेस प्रदेश तथा धनुषा जिल्लामा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रदेश सरकार र सम्पूर्ण सुरक्षा निकायप्रति आभार व्यक्त गर्नुभएको छ । जनकपुर विमानस्थलमा मंगलबार आयोजित सुरक्षा बैठकलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री कार्कीले मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, प्रदेशका उच्च सुरक्षा अधिकारीहरू तथा धनुषाका सुरक्षा प्रमुखलाई निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकामा धन्यवाद दिनुभयो।

विभिन्न आशङ्का र चुनौतीबीच ऐतिहासिक रूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गराउन प्रदेश सरकार र सुरक्षा निकायले खेलेको भूमिका सराहनीय रहेको प्रधानमन्त्री कार्कीले उल्लेख गर्नुभयो। बैठकमा मधेस प्रदेश सरकारका निमित्त मुख्य सचिव कमलप्रसाद भट्टराई, मधेस प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद दाहालगायत विभिन्न सुरक्षा निकायका प्रमुखको उपस्थिति थियो।

## प्रधानमन्त्री कार्कीद्वारा जानकी मन्दिरमा दर्शन तथा पूजाआराधना

**रासस**
काठमाडौं, ६ चैत

प्रधानमन्त्री सुशीला कार्कीले जनकपुरधामस्थित प्रसिद्ध धार्मिकस्थल जानकी मन्दिरमा दर्शन तथा पूजाआराधना गर्नुभएको छ।

शनिबार बिहान नेपाली सेनाको हेलिकप्टरमार्फत यहाँ आउनुभएकी प्रधानमन्त्री कार्कीले प्रसिद्ध जानकी मन्दिरमा विशेष पूजाअर्चना गर्नुभएको हो । त्यस अवसरमा मन्दिरका महन्थ रामतपेश्वर दास तथा उत्तराधिकारी महन्थ रामरोशन दासले स्वागत गर्नुका साथै पुष्पमाला तथा प्रसाद प्रदान गर्नुभएको थियो । मन्दिरका पुजारीबाट स्वस्तिवाचनसमेत गरिएको थियो। पूजाआराधनापश्चात् प्रधाममन्त्री कार्कीले मन्दिरको परिक्रमा गरी अवलोकनका साथै आवश्यक जानकारी लिनुभएको थियो।

पूजापछि सञ्चारकर्मीसँग सङ्क्षिप्त कुराकानी गर्दै उहाँले जनकपुरधाममा आफ्नो विशुद्ध धार्मिक यात्रा भएको बताउनुभयो । प्रधानमन्त्री कार्कीले जनकपुरधाम नेपालको धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण स्थल भएको बताउनुभयो।

## पोखरामा १८ डी सिनेमा सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत



पोखरामा १८डी सिनेमा सञ्चालनमा आएको छ। चैत ६ गतेदेखि फ्लाइ नेपाल इन्टरटेनमेन्टले यो नयाँ प्रविधियुक्त मनोरञ्जन सेवा सुरु गरेको हो।

साहसिक गतिविधिका लागि परिचित पोखरामा यसले मनोरञ्जनको क्षेत्रमा नयाँ अनुभव थपेको छ। यो सिनेमा लेकसाइडस्थित डिज्नील्याण्ड क्षेत्रमा सञ्चालनमा ल्याइएको छ । सिनेमाको उद्घाटन नेपाली चलचित्रका महानायक राजेश हमाल ले गर्नुभयो। उद्घाटन कार्यक्रममा बोल्दै उहाँले पोखराले अब फरक शैलीको मनोरञ्जन अनुभव गर्न पाउने बताउनुभयो। उहाँका अनुसार, पोखरा प्राकृतिक रूपमा आकर्षक सहर मात्र नभई चलचित्र छायांकन र व्यवसायका लागि पनि उपयुक्त गन्तव्य हो, र यस्तो नयाँ प्रविधिले दर्शकलाई फरक संसारको अनुभूति दिलाउनेछ।

फ्लाइ नेपाल इन्टरटेनमेन्टका प्रमुख राम थापाले काठमाडौंमा सफलतापूर्वक सञ्चालनपछि दर्शकको सकारात्मक प्रतिक्रिया र मागलाई ध्यानमा राख्दै पोखरामा विस्तार गरिएको जानकारी दिनुभयो । उहाँले पोखराको सिनेमा प्रविधिका हिसाबले अझ उन्नत रहेको पनि बताउनुभयो । यो सिनेमा १० देखि ३० मिनेटसम्मका रोमाञ्चक अनुभव प्रदान गर्नेछ, जसमा दर्शकले कुनै विशेष चश्मा वा हेडसेट बिना नै प्रत्यक्ष अनुभूति लिन सक्नेछन्। सबै उमेर समूहका लागि उपयुक्त मानिएको यसमा १७ वटा फरक-फरक कथामा आधारित अनुभव उपलब्ध हुने जनाइएको छ । फ्लाइ नेपाल इन्टरटेनमेन्टका निर्देशक हिमाल थापाका अनुसार, अब पोखरामा साहसिकता केवल बाहिरी गतिविधिमा सीमित नरही सिनेमामार्फत भित्री अनुभूतिमा पनि विस्तार हुने विश्वास व्यक्त गर्नुभयो।

## सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि भुवनलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

सूर्य नेपाल गल्फ टुर २०२५/०२६ अन्तर्गत पाँचौं प्रतियोगिता तथा २६ औं संस्करणको सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि भुवन नगरकोटीले जित्नु भएको छ । आज (शुक्रबार) भएको इभन-पार ६९ खेल्नु भएको उहाँले समग्रमा ३-अन्डर २ सय ४ को स्कोरमा सञ्जय लामालाई एक स्ट्रोकले पराजित गर्दै उपाधिमा ह्याट्रिक गर्न सफल हुनु भएको हो।

उहाँको करियरमा १४औं उपाधि हो। उपाधिसँगै उहाँले नगद १ लाख ७० हजार प्राप्त गर्नुभयो । यसअघि यो सिजनमा उहाँले सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप र सूर्य नेपाल काठमाडौं ओपनको उपाधि जित्नु भएको थियो । आज ४-अन्डर ६५ खेल्दै समग्रमा २-अन्डर २ सय ५ को स्कोरमा सञ्जय दोश्रो हुदा नगद १ लाख २५ हजार प्राप्त गर्नुभयो । एमेच्योर राहुल विश्वकर्माले ४-अन्डर ६५ को स्कोरकार्ड बनाउनु भयो। समग्रमा १-अन्डर २ सय ६ सहित तेस्रो हुन सफल हुनु भयो। धरानका गल्फर शुक्र बहादुर राईले ४-ओभर ७३ मा अन्तिम दिनको खेल सकाउँदा समग्रमा २-ओभर २ सय ९ सहित चौथो हुनु भयो । प्रोतर्फ तेस्रो हुनु भएको उहाँले नगद १ लाख प्राप्त गर्दा राम श्रेष्ठले आज ६-ओभर ७५ मा अन्तिम दिनको खेल सकाउँदा समग्रमा ७-ओभर २ सय १४ सहित पाँचौं स्थानमा रहदै ८२ हजार प्राप्त गर्नुभयो। पोखराका घरेलु गल्फर भुबहादुर गुरुङ छैटौं हुनु भयो भने उहाँले समग्रमा ८-ओभर २ सय १५ स्कोर बनाउनु भएको थियो । विजयी खेलाडीहरुलाई सूर्य नेपाल प्रालिका डेप्युटि जनरल म्यानेजर केशव प्रधान र नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले पुरस्कार वितरण गर्नुभयो। नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजीए) द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीको सहभागिता रहेको थियो। सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यो पटक कुल पुरस्कार राशि वृद्धि गरिएको थियो। कुल १० लाख ५० हजार नगद पुरस्कार रहेको थियो।




# सिप्लिकान संरक्षण गरी आम्दानी गर्दै कृषि उद्यमी खनाल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत



तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित एक्ले खेतमा रहेको ॐ कृषि फार्मका सञ्चालक कविराज खनाललाई यतिखेर माग अनुसारको सिप्लीकानका बिरुवा पुऱ्याउनै धौ धौ छ।

विगत छ वर्षयता सिप्लीकानको व्यावसायिक खेतीसँगै नर्सरी गरी बिरुवा बेच्दै आएका खनालले यसवर्ष ५० हजार सिप्लीकानका बिरुवा तयार गर्ने लक्ष्य राख्नुभएको छ, तर बढ्दो मागका कारण बिरुवा पुऱ्याउन नसकिने अवस्था आएको छ । पछिल्ला दिनमा विभिन्न कृषि समूहका साथै व्यक्तिगत रूपमा बिरुवाका लागि अत्याधिक माग आइरहेको खनालले बताउनुभयो। अघिल्लो वर्ष मात्रै करिब छ लाख बराबरका करिब आठ हजार बिरुवा तयार सिप्लीकानका बिरुवा बिक्री गरेको उहाँले जानकारी दिनुभयो।

विशेषतः पहाडी क्षेत्रमा पाइने बहुऔषधीय गुणयुक्त यो वनस्पति देशका अधिकांश स्थानबाट हराउँदै गएको छ । सिप्लीकानको महत्त्वलाई पछिल्ला पुस्तामासमेत पुऱ्याउने लक्ष्यसँगै आँफूले यसको व्यावसायिक खेती गरी बर्सेनि आम्दानी गरिरहेको खनालको भनाइ छ। “परापूर्वकालदेखि नै च्यवन, गर्गजस्ता ऋषिमुनिहरूले यस वनस्पतिलाई शरीरको शुद्धीकरणसँगै ध्यानमा स्थिरता र दीर्घायु प्राप्तिका लागि उपयोग गर्ने गरेको विभिन्न ग्रन्थमा उल्लेख गरिएको पाइन्छ”, उहाँले भन्नुभयो, “लोपोन्मुख अवस्थामा पुगेको यो औषधीय वनस्पतिको संरक्षणसँगै पुस्तौंसम्म यसको उपयोग होस् भन्ने सोचका साथ मैले व्यावसायिक खेती थालेको हुँ ।” कास्कीको रुपा, मादी, माछापुच्छ्रे, अन्नपूर्ण गाउँपालिका र तनहुँको शुक्लागण्डकी, भीमाद, बन्दीपुर, देवघाट आसपासका क्षेत्रहरू सिप्लिकान खेतीका लागि उपयुक्त रहेको बताउँदै खनालले लोपोन्मुख अवस्थामा रहेको नस्पतिलाई संरक्षण गर्दै जनजनमा प्रयोग बढाउने उद्देश्यसहित कधाम गरिरहेको बताउनुभयो । “कोभिड-१९ महामारीपछि विगत छ वर्षयता आफू यस खेतीमा लागेको थिए । यहाँ उत्पादित बिरुवा कास्कीको रुपा गाउँपालिकासहित देशका विभिन्न स्थानमा पुगिसकेका छन् । यस वर्ष मागअनुसार पुऱ्याउने लक्ष्यसँगै ५० हजार बिरुवा तयार गर्ने गरी काम भइरहेको छ”, उहाँले योजना सुनाउनुभयो।

खनालले व्यापार मात्र होइन, छरछिमेक, इष्टमित्रलगायत कतिपय स्थानमा निःशुल्क बिरुवा प्रदान गर्दै आउनुभएको छ । उहाँले प्रतिबिरुवा रु एक सयदेखि १५० सम्म बिक्री गरिराख्नुभएको छ। पर्यावरणीय सन्तुलनका लागि पनि यसको महत्त्व रहेकाले सबैले यसको संरक्षण गरी लाभ लिनुपर्ने उहाँको भनाइ छ।

उच्च रक्तचाप, सुगर, जन्डिस र मिर्गौलामा हुने पत्थरीलगायतका रोगका लागि औषधिका रूपमा सिप्लिकानको प्रयोग गर्ने गरिन्छ । यसलाई तत्कालका लागि तरकारी र अचार तथा लामो समयका लागि गुन्द्रुक बनाएर पनि खान सकिन्छ। “एक पटक लगाएको सिप्लीकानको बिरुवाबाट चार पुस्तासम्म उत्पादन लिन सकिन्छ”, खनालले भन्नुभयो, “ यसमा बाँदरले पनि क्षति नपुऱ्याउँदैन । वर्षाको समयमा लगाइने लहरे तरकारीका लागि यसलाई थाँक्रोका रूपमासमेत उपयोग गर्न सकिन्छ।” खनालले आफ्नो फार्ममा सिप्लिकानसँगै कुरिलोखेती पनि गर्दै आउनुभएको छ। यहाँको उत्पादन शुक्लागण्डकी नगरपालिका-१ र २ का साथै पोखरा नगरपालिका-३२ बाट पनि बिक्री भइरहेको छ । उहाँका अनुसार फार्मबाट वार्षिक २० देखि २५ हजार कुरिलोका बिरुवा बिक्रीवितरण गर्ने गरिएको छ। स्वास्थ्यका लागि उपयोगी कुरिलोको टुसालाई तरकारीका रूपमा बढी प्रयोग गरिन्छ। यसमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन, फाइबर, क्याल्सियमसँगै अन्य विभिन्न पौष्टिकतत्व पाइने र बच्चादेखि वृद्धसम्म सबैका लागि उपयोगी हुने चिकित्सकले बताएअनुसार आफूले यसको व्यवसायमा जोड दिएको खनालको भनाइ छ।

उहाँले फार्ममा आउने वा बुझ्न चाहने जो कोहीलाई कुरिलो, सिप्लिकानलगायत खेतीका प्रविधि, उपयोगिता र बजारीकरणलगायत विषयमा जानकारी गराउँदै आउनुभएको छ । कृषिबारे ज्ञान, सीप र प्रविधिबारे जानकारी गराउने भएकोले उहाँको फार्म एउटा जीवन्त पाठशालासमेत बन्दै गएको छ। व्यावसायिक कृषिसँगै पत्रकारिता र शिक्षण पेसालाई सँगसँगै अघि बढाउनुभएका खनाल रेडियो नेपाल र आदर्श समाज राष्ट्रिय दैनिकमा संवाददाताका रूपमा कार्यरत हुनुहुन्छ । रोजगारीको खोजीमा धेरै नेपाली युवाहरू विदेशिने गरेको अवस्थामा सम्भावनायुक्त कुरिलो, सिप्लीकान जस्ता खेतीतर्फ आफू लागेको उहाँको भनाइ छ। यसबाट अन्य युवाले पनि प्रेरणा लिँदै व्यावसायिक उत्पादन गर्न सक्ने खनालले बताउनुभयो । व्यावसायिक कृषिका माध्यमबाट स्वदेशमा नै केही गर्छु भन्नेलाई पहिचान गरी उनीहरूलाई प्रोत्साहित गर्ने वातावरण राज्यले तयार गनुपर्ने र त्यसमा आफू पनि सहकार्य गर्न तयार रहेको उहाँले बताउनुभयो।



सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


# अघि बढ्यो फेवा नव वर्ष महोत्सवको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत



होटल संघ पोखरा नेपालले २१ औं संस्करणको फेवा नव बर्ष महोत्सवको तयारी अगाडि बढाएको छ।

संघको हालै सम्पन्न बैठकले २९ चैतदेखि बैशाख १ गतेसम्म लेकसाइडको सडकमा यो महोत्सव संचालन गर्ने निर्णय गरेको हो । पर्यटन, संस्कृति र खानालाई विशेष जोड दिंदै हरेक बर्ष भैँ यो पटक पनि महोत्सव आयोजना गर्न लागिएको संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिए । महोत्सवको तयारीका लागि विभिन्न उपसमितिहरु समेत गठन गरिएको संयोजक सुवेदीले बताए । संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठ र द्वितीय उपाध्यक्ष गणेशराज पहारीलाई महोत्सवको सहसंयोजकको जिम्मेवारी प्रदान गरिएको छ । जेन-जी आन्दोलन र त्यसपछि सम्पन्न आम चुनावसँगै अबका दिनमा आर्थिक गतिविधि चलायमान बनाउँदै आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न महोत्सवले सघाउने विश्वास संघले लिएको छ। अंग्रेजी नयाँ बर्ष जस्तै नेपाली नयाँ बर्षलाई पनि भव्यताका साथ मनाउँदै फेवा तालको संरक्षणमा समेत सकारात्मक सन्देश प्रवाह गर्ने उद्धेश्य महोत्सवले बोकेको अध्यक्ष सुवेदीले बताए।

महोत्सवका अवसरमा दोहोरी तथा गीत संगीतका कार्यक्रम, पप कन्सर्ट, नाचगान र अन्य मनोरञ्जनात्मक प्रस्तुतीहरु समेटिने छन् । महोत्सवको उद्घाटन अघि झाँकीहरुको र् याली निकालिने छ। महोत्सवको प्रचारका लागि यही चैत ९ गतेदेखि १३ गतेसम्म संघले पूर्वी नेपालका विभिन्न शहरमा जाउँ है पोखरा कार्यक्रम आयोजना गरी महोत्सवमा सहभागिताका लागि निमन्त्रणा प्रदान गर्ने छ।

# लेकसिटीका आदित्यको गितारले साथी संसारमा खुसीको लहर

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत



पोखरा महानगरपालिका वडा नं ४ स्थित लेकसिटी कलेजमा बिए प्रथम वर्षमा अध्ययनरत आदित्य बज्राचार्य आफ्नो काँधमा गितार भिरेर ‘साथी संसार नेपाल’को परिसरमा उभिइरहेका थिए। समाज सेवाको हुटहुटी बोकेर निस्केका विद्यार्थीहरूको हूलमा आदित्यको गितारले छुट्टै आकर्षण थप्यो।

जव विद्यार्थीहरु बसवाट झर्दै छन्। त्यही बेला एक्कासि साथी संसार नेपालको भित्रबाट साइमन क्षेत्री दगुर्दै बाहिर आए। उनको नजर आदित्यले भिरेको गितारमा पऱ्यो । साइमनको अनुहारमा एक प्रकारको आश्चर्य र उत्साह मिश्रित भाव झल्किरहेको थियो । दगुर्दै आएका साइमनले आदित्यको गितारलाई विस्तारै छोए र त्यसलाई चुम्बन गरे। गितारलाई छुन पाउँदा साइमनको मुहारमा छाएको त्यो असीमित खुसीको सीमा नै थिएन। उनी त्यही गितारको धुन र खुसी मनमा बोकेर हुरुक्क हुँदै फेरि कोठा भित्र छिरे । भवन भित्र पनि गितारका म्युजिक सँगै टाउको हल्लाउन थाले । साइमनले गितारलाई गरेको चुम्बनले के देखाउँछ भने, विशेष क्षमता भएका वा आश्रयमा रहेका बालबालिकाहरूलाई खानेकुरा वा लगाउने कपडा मात्र होइन, मनोरञ्जन, कला र सङ्गीतको पनि उत्तिकै भोक हुन्छ।

विश्व सामाजिक कार्य दिवसको अवसरमा समाजका विभिन्न तप्कामा बालबालिका सँग ऐक्यबद्धता र सदभाव कार्यक्रम ‘साथी संसार नेपाल’ को कोठाभित्र देखिएको दृश्य हो। जसले जो-कोहीको हृदय स्पर्श गर्थ्यो । समाजसेवा केवल भौतिक वस्तुको हस्तान्तरण मात्र होइन, यो त भावना र आत्मीयताको मिलन पनि हो भन्ने कुरालाई लेक सिटी कलेजका विद्यार्थीहरूको यो भ्रमणले प्रमाणित गरिदिएको छ । लेकसिटीको कोठाभित्र सैद्धान्तिक ज्ञान मात्र लिइरहेका विद्यार्थीहरू जब दुध, चामल, कापी र कलम बोकेर समाजको यथार्थ धरातलमा पुगे, तब उनीहरूले शिक्षाको वास्तविक अर्थ बुझ्ने अवसर पाए। स्टेशनरी सामग्री हातमा पर्दा साथी संसारका विद्यार्थीहरूको मुहारमा उदायको मुस्कानले लेक सिटीका युवा विद्यार्थीहरूलाई जीवनको एउटा महत्वपूर्ण पाठ सिकाएको थियो । आफूसँग भएको थोरै स्रोत र साधन बाँड्दा पनि संसार कति सुन्दर बन्न सक्छ। सो कार्यक्रमलाई केवल एउटा सामान्य सामग्री वितरण कार्यक्रमका रूपमा मात्र हेरिनु हुँदैन। यसले वर्तमान समाज, युवा पुस्ताको दायित्व र सामाजिक कार्यको मनोवैज्ञानिक पाटोलाई उजागर गरेको छ। ‘सेवा नै धर्म हो’ भन्ने भावनाका साथ बिएमा सामाजिक कार्य अध्ययनरत विद्यार्थीहरूले ती बालबालिकासँग समय बिताउँदै सामाजिक कार्य दिवस मनाएकोमा सामाजिक कार्य विषयका शिक्षक अनिस पौडेलले पोखरापत्रसँग खुशी व्यक्त गरे। सोही कार्यक्रममा विद्यार्थीले बालबालिकासँगै बसेर केक काट्दै उनीहरूलाई ‘स्टेसनरी’ अर्थात् शैक्षिक सामग्री वितरण र साथीहरुले खिर पकाएर बालबालिकालाई खुवाउन समेत सहयोग गरेका बिए प्रथम वर्षमा अध्ययनरत इवक कर्माचार्यले पोखरापत्रलाई वताए । कार्यक्रमका क्रममा साथी निकिता सुवदीको उत्कृष्ट नुत्य, १७ जना बालवालिकालाई फेस पेन्टिङ, नाच्ने र विभिन्न खेलहरू खेल्दै बालबालिकालाई मनोरञ्जन प्रदान गरिएको अर्का विद्यार्थी उमेन्द्र गुरुङले पोखरापत्रलाई भने। लेकसिटी स्टुडेन्ट वेलफेयर क्लबका अध्यक्ष सफल सुवेदीले विशेष दिनहरूलाई भोजभतेर र पार्टीमा मात्र खर्च नगरी सामाजिक संस्थामा आएर सहयोग गर्नुपर्नेमा जोड दिए। अध्यक्ष सुवेदीले सहयोगका भावना मात्र पस्केनन्, हेभन्ली इभेन्ट म्यानेजमेन्टवाट साथी संसार नेपाललाई तीन हजार सहयोग गरे ।

कार्यक्रममा ‘साथी संसार’ नेपालका कार्यक्रम व्यवस्थापक नारायण अधिकारीले संस्थाको परिचय दिँदै संस्थाले विशेष शिक्षा, घरमै आधारित सेवा तथा समावेशी शिक्षा सहयोगमार्फत प्रभावकारी योगदान पुऱ्याइरहेको भने । उनका अनुसार पोखरा वडा नं ३३ स्थित बागमारा केन्द्रमा सञ्चालन भइरहेको विशेष शिक्षा तथा पुनर्स्थापना सेवा अन्तर्गत २० जना बालबालिकाले नियमित रूपमा कक्षा लिइरहेका छन्। उक्त कक्षा दैनिक बिहान १० बजेदेखि साँझ ४ बजेसम्म सञ्चालन हुने गरेको छ। त्यसैगरी, घरमै आधारित शिक्षा तथा पुनर्स्थापना सेवामार्फत एक सय दश जना बालबालिका तथा व्यक्तिहरूले प्रशिक्षित पुनर्स्थापना सहजकर्ताबाट आफ्नै घरमा सेवा प्राप्त गरिरहेका छन् । यसले उनीहरूलाई सहज र पहुँचयुक्त सेवा उपलब्ध गराएको अधिकारीले बताए।

कलेजका सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देलले सामाजिक कार्यमा विद्यार्थीले देखाएको सक्रियताको प्रशंसा गर्दै सहभागी सबैलाई धन्यवाद दिए। बिएमा अध्ययनरत कलेजका ३२ जना वहुप्रतिभाका धनी विद्यार्थीहरको सक्रिय सहभागिता रहेको सिग्देलले वताए। विए प्रथम वर्षमा सामाजिक कार्य तथा पत्रकारिता अध्ययनरत विद्यार्थी एवं कार्यक्रम संयोजक सगुन बास्तोलाको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको विए प्रथम वर्षमा अध्ययनरत अनमोल हमालले संचालने गरे भने दीक्षिता कुँवरले कलेज प्रशासन, क्लब र साथी संसार परिवार लगायत सहयोगी सबैलाई धन्यवाद दिइन्।


“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# प्याराग्लाईडिङ प्रतियोगितामा भारतका अक्षय कुमार र चीनका झोउ चेन अग्र स्थानमा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

नेपाल हवाई खेलकुद संस्था (ना) को आयोजनामा पोखरामा जारी २१औं नेपाल ओपन प्याराग्लाइडिङ च्याम्पियनसिप-२०२६ अन्तर्गत दोस्रो दिनका प्रतिस्पर्धासम्म आउदा चाइनिज खेलाडी र भारतीय खेलाडीले उत्कृष्ट खेल प्रर्दशन गरेका छन् ।



शुक्रबारसम्म आयोजक संस्था ना ले दिएको अंकतालिकाअनुसार एक्यूरेसी पुरुष एकलतर्फ को विधामा भारतका अक्षय कुमार र चीनका झोउ चेन समान ७/७ अंकसहित संयुक्त रूपमा शीर्ष स्थानमा रहेका छन् । त्यसैगरी, भारतका अलिस्तर रुमतेल, मनीष उप्रेती र इमान रुम्तेलले समान ८/८ अंकसहित संयुक्त तेस्रो स्थानमा रहेका छन् । नेपाली खेलाडीहरूमध्ये अरुण जालारी र पवन परियार ११/११ अंकसहित संयुक्त छैटौं स्थानमा रहेको प्रविधिक प्रमुख बिमल अधिकारीले बताउनु भयो । यसैगरी, भारतका मोहर सिंह, नेपालका रिखी पोडे र विष्णु तिमिल्सिना तथा भारतका सोनम लद्दाखी १२ अंकसहित संयुक्त आठौं स्थानमा छन् । अन्य नेपाली खेलाडीमध्ये अञ्जन कुँवर १३ अंकसहित १२औं स्थानमा रहँदा सुमन जंग थापा १६ अंकसहित १३औं स्थानमा छन् । एक्यूरेसी टिम इभेन्टतर्फ भारतीय मिक्स टोलीले अग्रता कायम राखेको छ । ११ टोली सहभागी रहेको प्रतिस्पर्धामा दोस्रो दिनसम्म भारत ३८ अंकसहित शीर्ष स्थानमा छ । इन्डो-नेपाल संयुक्त टोली ६७ अंकसहित दोस्रो स्थानमा छ भने टिम नेपाल १०९ अंकसहित तेस्रो स्थानमा रहेको छ। अर्को नेपाली टोली १६० अंकसहित चौथो स्थानमा छ ।यता महिलातर्फको एकल प्रतिस्पर्धामा चीनकी कङ सियाङ यान उत्कृष्ट प्रदर्शन गर्दै अग्रस्थानमा रहेकी छन् । पाँच राउण्डसम्मको प्रतिस्पर्धामा उनले ७ अंकसहित शीर्ष स्थान बनाएकी छन् । नेपालकी दुर्गा माया गुरुङ १२६ अंकसहित दोस्रो स्थानमा रहेकी छन् भने भारतकी श्रेयशी तामाङ १४९ अंकसहित तेस्रो स्थानमा छन् । त्यसैगरी, नेपालकी इस्का राई ३५४ अंकसहित चौथो स्थानमा रहँदा कृषु पौडेल ५२६ अंकसहित पाँचौं स्थानमा छन् । हालसम्म पाँच राउण्डका खेल सम्पन्न भइसकेका छन् । मौसम तथा हावाको अवस्थाले खेलमा प्रभाव पारिरहेको भए पनि अधिकांश उडान सफलतापूर्वक सम्पन्न भएको ना का अध्यक्ष अनिल केसीले बताए । प्रतियोगितामा नेपाल, भारत, इटाली, जर्मनी र चीनका गरी ५ देशका ६२ खेलाडी सहभागी छन्, जसमा पुरुषतर्फ ५२ र महिलातर्फ १० जना रहेका छन् । शनिबारसम्म सञ्चालन हुने प्रतियोगितामा पुरुष व्यक्तिगततर्फ विजेताले १ लाख ५० हजार, उपविजेताले १ लाख र तेस्रो हुनेले ५० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । समूहतर्फ विजेताले ७५ हजार, उपविजेताले ५० हजार र तेस्रो हुने टोलीले २५ हजार रुपैयाँ पाउनेछन् । महिलातर्फ विजेताले ७५ हजार, उपविजेताले ५० हजार र तेस्रो हुनेले २५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितालाई सफल पार्न आवश्यक सुरक्षा व्यबथा र खेलाडीहरुलाई सेटमा राम्रोसंग निर्देशन जारी गरिएको सेफ्टी डाइरेक्टर योगेश बहादुर भट्टराईले बताउनु भयो ।

# संयोजक दाहाललाई प्रतिवेदन हस्तान्तरण

**रासस**
काठमाडौं, ६ चैत

नेपाली कम्युनिष्ट पार्टी निकट वाम बुद्धिजीवी एवं पेसाकर्मी निर्वाचन परिचालन मूल समितिले प्रतिनिधिसभा निर्वाचनको समीक्षा तथा सुझावसहितको प्रतिवेदन पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'लाई हस्तान्तरण गरेको छ ।

पार्टी केन्द्रीय कार्यालयमा आज आयोजित कार्यक्रममा समितिका संयोजक विष्णुपुकार श्रेष्ठले सो प्रतिवेदन संयोजक दाहाललाई बुझाउनुभएको हो । सो अवसरमा पार्टीका संयोजक दाहालले बुद्धिजीवी एवं पेसाकर्मीको सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले निर्वाचन अगाडि र पछाडिका राजनीतिक परिस्थितिका बारेमा आफ्ना धारणा राख्नुभएको थियो । उहाँले पार्टीलाई अब विचाराधारात्मक हिसाबले धारिलो बनाउँदै सङ्गठनलाई व्यवस्थित गरेर जनसरोकारका सवालमा परिचालन गर्न बुद्धिजीवीहरूबाट प्राप्त समीक्षा तथा सुझाव महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । संयोजक दाहालले प्रतिवेदनलाई अध्ययन गरी पार्टीले जनसङ्घर्षलाई आधारभूत तहबाट अगाडि बढाउने बताउनुभयो । विभिन्न १५ वटा घटक बुद्धिजीवी एवं पेसाकर्मीलाई समेटेर गठन गरिएको समितिमा देशभरका बुद्धिजीवी, प्राध्यापक, शिक्षक, स्वास्थ्यकर्मी, ट्रेड युनियन महासङ्घ, इन्जिनियरिङ एसोसिएसन, कानुन व्यवसायी सङ्गठनका केन्द्र, प्रदेश, जिल्ला तथा प्रतिष्ठानका पदाधिकारी एवं सदस्यहरू समावेश गरिएको थियो । सो अवसरमा पार्टीका नेता नन्दकिशोर पुन, देवप्रसाद गुरुङ सहभागी हुनुहुन्थ्यो ।

# गृहमन्त्री अर्यालसहित मन्त्रीहरूद्वारा नयाँ संसद् भवनको अनुगमन

**रासस**
काठमाडौं, ६ चैत

गृहमन्त्री ओमप्रकाश अर्यालसहित विभिन्न मन्त्रीहरूले शुक्रबार सिंहदरबार परिसरमा निर्माणाधीन सङ्घीय संसद् भवनको स्थलगत निरीक्षण एवं अनुगमन गर्नुभएको छ ।

गृहमन्त्री अर्यालसहित परराष्ट्रमन्त्री बालानन्द शर्मा, अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतम र महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले संसद् भवनका विभिन्न संरचना अवलोकन गरी जानकारी लिनुभएको हो । उहाँहरूले संसद् बैठक बस्नका लागि तयार गरिएको नयाँ 'मल्टिपर्पोज हल', निर्माणाधीन प्रतिनिधिसभा र राष्ट्रियसभा हलको अवलोकन गर्नुभएको थियो ।

# एक सय सात वर्षीय वृद्धद्वारा महोत्सव उद्घाटन

**पोखरापत्र संवाददाता**
दमौली, ६ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा आजदेखि सुरु भएको पाँचौं शुक्लागण्डकी महोत्सवको १०७ वर्षीय ज्येष्ठ नागरिक गणेशबहादुर राउतले उद्घाटन गर्नुभएको छ ।

शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घले आयोजना गरेको महोत्सवको शुक्लागण्डकी नगरपालिका-३ बनकेवा निवासी राउतले उद्घाटन गर्नुभएको हो । सोक्रममा तनहुँ क्षेत्र नं २ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य श्रीराम न्यौपानेले राउतलाई साथ दिनुभएको थियो।

'आर्थिक समाजिक खेलकुदको विकास, कृषि तथा पर्यटनको प्रवर्द्धनः शुक्लागण्डकी महोत्सव कला, सीप र संस्कृतिको संरक्षण' भन्ने मूल नाराका साथ आजदेखि सुरु भएको महोत्सव यही चैत १७ गतेसम्म सञ्चालन हुनेछ ।

महोत्सव उद्घाटनका क्रममा नवनिर्वाचित प्रतिनिधिसभा सदस्य न्यौपानेले ऊर्जाको माध्यमबाट देशले फड्को मार्ने बताउँदै सबैको साथ र सहयोग लिएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा प्रदेशसभा सदस्य श्यामराजा महत, नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य युवराज राजभण्डारी, नेपाल उद्योग वाणिज्य सङ्घ गण्डकी प्रदेश उपाध्यक्ष सूर्यबहादुर भुजेल, बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजन शाक्य, महिला उद्यमी विकास समिति शुक्लागण्डकी अध्यक्ष मनिषा विकलगायतले महोत्सवले यस क्षेत्रको आर्थिक चलायमान गर्न सहयोग पुग्ने धारणा राख्नुभयो । स्थानीय उत्पादनको बजारीकरण तथा क्षेत्रका पर्यटकीय गन्तव्यस्थलको प्रचारप्रसार गर्ने उद्देश्यले कृषि तथा घरेलु उद्यमका कक्ष (स्टल)लाई विशेष स्थान दिइएको छ । महोत्सवमा १७५ स्टल रहेका छन् । महोत्सव संयोजन समितिका प्रवक्ता सुजन श्रेष्ठका अनुसार महोत्सव अवधिमा करिब दुई लाख दर्शक तथा पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ । महोत्सवबाट रु छ लाख ५० हजार बचत हुने अनुमान गरिएको उहाँले बताउनुभयो । महोत्सवमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम पनि समावेश गरिएका छन् । पालिकास्तरीय भलिबल प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टोलीलाई क्रमशः रु दुई लाख, रु एक लाख र रु ५० हजार नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

नृत्य प्रतियोगितामा प्रथमलाई रु १५ हजार, द्वितीयलाई रु १० हजार र तृतीयलाई रु पाँच हजार पुरस्कार प्रदान गरिने श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार रत्यौली प्रतियोगितामा प्रथम हुनेलाई रु २५ हजार, द्वितीय हुनेलाई रु २० हजार र तृतीय हुनेलाई रु १५ हजार पुरस्कार प्रदान गरिनेछ ।

# स्याङ्जाको मालुङ्गामा चितुवा मृत फेला

**पोखरापत्र संवाददाता**
वालिङ, ३ चैत

स्याङ्जाको गल्याङ नगरपालिका-१ मालुङ्गा बसिन्डाँडामा मरेको चितुवा फेला परेको छ ।

शुक्रबार दिउँसो बसिन्डाँडामा झण्डै एक वर्ष उमेरको चितुवा मरेको अवस्थामा फेला परेको गल्याङ, कालीगण्डकी सबडिभिजन वन कार्यालय गल्याङका वन अधिकृत सुमन केसीले जानकारी दिनुभयो ।

शुक्रबार भेटिएको चितुवा केही दिनअघि मरेको हुनसक्ने अनुमान वन कार्यालयको छ । मृत भेटिएको चितुवा गन्हाउन सुरु भएकाले केही दिन अघि मरेको हुनसक्ने उहाँले बताउनुभयो । "मृत अवस्थामा फेला परेको चितुवाको बाहिरी शरीरमा कुनै पनि प्रकारको घाउ चोटपटक देखिएको छैन", उहाँले भन्नुभयो, "मानिस अथवा अन्य शिकारीको आक्रमणबाट मरेको नभई अन्य कारणबाटै मरेको देखिएकाले स्थानीय जनप्रतिनिधि, प्रहरी तथा स्थानीयवासीको रोहबरमा मुचुल्का गरेर कार्यालयले चितुवाको शव व्यवस्थापन गरेको छ।" मरेको चितुवा देखेपछि स्थानीयले प्रहरी तथा गल्याङस्थित सबडिभिजन वन कार्यालयमा जानकारी गराएका छन् ।

# पूर्वी नेपालमा वर्षा सुरु

**रासस**
कास्की, ६ चैत

पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको प्रभावले मौसम बदली भई पश्चिम नेपालबाट सुरु भएको वर्षा अहिले पूर्वी नेपाल पुगेको छ ।

जल तथा मौसम विज्ञान विभागकी मौसमविद् विनु महर्जनले अहिले पूर्वी नेपालका विभिन्न क्षेत्रमा वर्षा भइरहेको जानकारी दिनुभयो । अहिले देशभर नै मौसम बदली रहेको अन्य क्षेत्रमा हल्का वर्षा भइरहेकामा नेपालको मध्य क्षेत्रभन्दा पूर्वका विभिन्न जिल्लामा वर्षा भइरहेको उहाँले बताउनुभयो । वर्षामापन केन्द्रमा आज साँझ भएको रेकर्डअनुसार पछिल्लो तीन घण्टामा सिरहामा ३२.२, उदयपुरमा २४.८, मोरङमा २१.८, सिन्धुपाल्चोकमा २०.२, खोटाङमा ११.२ मिलीमिटर वर्षा भएको छ ।

# माछापुच्छ्रेमा 'अध्यक्ष कप' गण्डकी प्रदेशस्तरीय भलिबल हुँदै

**पोखरापत्र संवाददाता**
कास्की, ६ चैत

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले गण्डकी प्रदेशका पालिकाहरूका बीच अध्यक्ष कप महिला तथा पुरुष भलिबल प्रतियोगिता गर्ने भएको छ। गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा गाउँपालिकाको केन्द्र लाहाचोकमा यही चैत ११ देखि १४ गतेसम्म सो प्रतियोगिता सञ्चालन हुने गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले बताउनुभयो ।

अध्यक्ष गुरुङका अनुसार स्थानीयस्तरबाट देशका लागि आवश्यक सक्षम खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता गर्न लागिएको हो । "देशका लागि आवश्यक समक्ष खेलाडी उत्पादन गर्ने पालिकाबाट नै हो । प्रतिभाको खोजी गरी उनीहरूलाई राष्ट्रियस्तरमा चिनाउनका लागि प्रतियोगिताले मद्दत पुग्नेछ", उहाँले भन्नुभयो ।

प्रतियोगितामा पुरुषतर्फ प्रथम पुरस्कार रु दुई लाख ट्रफी र मेडल रहेको छ । उपविजेताले रु एक लाख पुरस्कार पाउँदा सेमिफाइनलमा पुग्ने दुई टोलीलाई नगद रु २५ हजारका दरले पुरस्कार प्रदान गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीले जानकारी दिनुभयो । यसैगरी महिलातर्फ प्रथम पुरस्कार रु ६० हजार, द्वितीय पुरस्कार रु ३० हजार, ट्रफी मेडल रहेको छ । सेमिफाइनलमा उपविजेता दुई टिमले नगद रु १५-१५ हजार पुरस्कार पाउनेछन् । गाउँपालिकाले यस वर्ष छेलो हान्ने खेललाई समेत समावेश गरेको छ । छेलोतर्फ प्रथम पुरस्कार नगद रु १० हजार, द्वितीय पुरस्कार नगद रु पाँच हजार, तृतीयलाई नगद रु दुई हजार र सान्त्वनालाई नगद रु एक हजार रहेको छ । पुरुष छेलोतर्फ पनि निःशुल्क दर्ता गर्न सकिने छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : झमेला बढ्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, कषि सडक देखि अर्मला सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः कषि सडक देखि अर्मला सडक स्तरोन्नती
ठेगानाः पोखरा-१८
योजना शुरु हुने मितिः २०८२/१०/२० गते
योजना सम्पन्न हुनुपर्ने मितिः २०८२/१२/२० गते
योजनाको कुल लागतः रु. ६,६६,७०१.३८
एकीकृत सेवा कार्यालय कास्की : रु. ६,००,०००।-
उपभोक्ता समितिबाटः रु. ६६,७०१.३८
उपभोक्ता समिति अध्यक्षः सूर्यकला तिमिल्सिना
मो. ९८४५२०९०५४
**कषि सडक देखि अर्मला सडक स्तरोन्नती समिति पोखरा-१८**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, चिसापानी कुनादेखि डिलमाथी हुदैं कुसुण्डे निस्कने बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः चिसापानी कुनादेखि डिलमाथी हुदैं कुसुण्डे निस्कने बाटो निर्माण ठेगानाः पोखरा-३३
योजना सम्झौता मितिः २०८२/११/२६ गते
योजना सुरु मितिः २०८२/११/२६ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/२८ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/०५ गते
योजनाको कुल लागतः रु. २,७८,४३६.२७
महानगरपालिकाबाटः रु. २,५०,०००।-
उपभोक्ता समितिबाटः रु. २८,४३६.२७
उपभोक्ता समिति अध्यक्षः चक्रपाणी भण्डारी
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ६ पुरुषः ३ जना
**चिसापानी कुनादेखि डिलमाथी हुदैं कुसुण्डे निस्कने बाटो निर्माण उपभोक्ता समिति पोखरा-३३**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, डिलमाथी हुदैं कुसुण्डे निस्कने बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः डिलमाथी हुदैं कुसुण्डे निस्कने बाटो निर्माण
ठेगानाः पोखरा-३३
योजना सम्झौता मितिः २०८२/११/२६ गते
योजना सुरु मितिः २०८२/११/२६ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/२७ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/०५ गते
योजनाको कुल लागतः रु. ७७८५७१.६७
महानगरपालिकाबाटः रु. ७,००,०००।-
उपभोक्ता समितिबाटः रु. ७८५७१.६७
उपभोक्ता समिति अध्यक्षः महेश्वर अधिकारी
सम्पर्क नं.: ९८५६०२५४९४
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना
**डिलमाथी हुदैं कुसुण्डे निस्कने बाटो निर्माण उपभोक्ता समिति पोखरा-३३**



## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख बगरबाट नागढंगासम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः ज्योती माया थापा
ठेगानाः हरिनास-२, स्याङ्जा
विमा लेख नं.१३०१२४७२८
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा
सम्पर्कः ९८६३३७६७१५

# जिपी अस्पतालमा मातृत्व कक्ष निर्माण गरिने

**पोखरापत्र संवाददाता**
दमौली, ६ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा मातृत्व कक्ष निर्माण गरिने भएको छ । अस्पतालको माथिल्लो तलामा मातृत्व कक्ष निर्माणका लागि अस्पतालले बोलपत्र आह्वान गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको रु एक करोड ३० लाख ५३ हजार ६४ को लागतमा मातृत्व कक्ष निर्माण गर्न लागिएको अस्पतालका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । मातृत्व कक्ष निर्माणपछि क्षेत्रीयस्तरमा प्रसुती तथा नवजात शिशु सेवा थप प्रभावकारी हुने विश्वास लिइएको श्रेष्ठले बताउनुभयो ।

निर्माण हुने मातृत्व कक्षमा प्रसूति बेड, नवजात शिशु हेरचाह उपकरण, आवश्यक स्वास्थ्य सामग्री, स्वच्छ वातावरण तथा बिरामी र कुरुवाका लागि आधार भूत सुविधा उपलब्ध गराउने योजना रहेको छ ।

दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले विसं २०६७ सालमा पूर्व प्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व विसं २०७५ सालमा जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो । हाल उपचार केन्द्रको नाममा ७४० रोपनी जग्गा प्राप्ति भइसकेको छ । अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलवा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामीहरू नियमित आउने गरेका छन् । उपचार केन्द्रले पछिल्लो समययता विभिन्न स्वास्थ्य सुविधा थप गर्दै गएको छ । जनतालाई सहज रूपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्धेश्यसहित सुविधा विस्तार गरिएको उपचार डा श्रेष्ठले बताउनुभयो । अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङजा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् ।

अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ । त्यसबाहेक अस्पतालले कल्चर सेवा, ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, ल्याव, भिडियो एक्सरे सेवा, माइनर अप्रेशनलगायत सेवा दिइरहेको छ । अस्पतालले श्वासप्रश्वासको उपचार सेवा पनि सुरु गरिसकेको छ ।

# विद्यार्थीद्वारा आयोजित फुड फेस्टिवल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

पोखरा महानगरपालिका वडा नं. १, बगरमा अवस्थित पोखरा आदर्श सेकेण्डरी स्कुलका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको खाना महोत्सव (फुड फेस्टिवल) कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।



कार्यक्रममा विद्यार्थीहरूले विभिन्न प्रकारका परिकार प्रदर्शन गर्दै आफ्नो सिर्जनशीलता, व्यवस्थापन क्षमता तथा पाक-कला सम्बन्धी सीप प्रस्तुत गरेका थिए। फुड फेस्टिवलका संयोजक शिक्षक प्रवेश गुरुङ र हिमाल घलेको नेतृत्वमा ३१ जना विद्यार्थीहरूले खाना तयारीदेखि कार्यक्रम व्यवस्थापनसम्म सक्रिय भूमिका निर्वाह गरेका थिए। उनीहरूले करिब १५० जनाका लागि विभिन्न परिकार तयार गरेका थिए ।

कार्यक्रममा विद्यालय परिवार, शिक्षक तथा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो। सहभागी विद्यार्थीहरूले विद्यालयले पठन-पाठनसँगै अतिरिक्त क्रियाकलापमा सक्रिय रूपमा संलग्न गराउँदै आएकोमा आभार तथा प्रशंसा व्यक्त गरेका छन् । विद्यालयका निर्देशक नारायण न्यौपानेले शिक्षा मात्र नभई अतिरिक्त क्रियाकलापहरू पनि विद्यार्थीहरूको सर्वांगीण विकासका लागि अत्यन्त आवश्यक रहेको बताए । उनले यस्ता कार्यक्रमहरूले विद्यार्थीहरूमा व्यवहारिक ज्ञान, सीप तथा आत्मविश्वास विकास गरी भविष्यमा लक्ष्य हासिल गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कमलराज सापकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्राचार्य फडिन्द्र अधिकारी, संयोजकद्वय कुशल तिमिल्सिना र बलराम सुबेदी, हरि देवकोटा, भरत गौतम, ज्योति त्रिपाठी, समीक्षा गुरुङ, बिनिता आले, अर्जुन श्रेष्ठ तथा भोला अर्यालको उपस्थिति रहेको थियो ।

कार्यक्रममा कक्षा १२ का साम्युल तामांग, साल्मोन सुनार र राहुल श्रेष्ठ तथा कक्षा ११ का शेखर सुनार, रितेश बस्याल, रमेश जोशी र अर्चना सापकोटाले सांगीतिक प्रस्तुति दिँदै कार्यक्रमलाई थप रौनक बनाएका थिए ।

कार्यक्रमले विद्यार्थीहरूमा आत्मनिर्भरता, टोली भावना तथा व्यवहारिक सीप विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको सहभागीहरूको भनाइ छ । विद्यालयले आगामी दिनमा पनि यस्ता सिर्जनात्मक तथा शैक्षिक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ। कार्यक्रमको सञ्चालन उप-प्राचार्य ज्ञानेश्वर सुबेदीले गरेका थिए ।


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/०५ को निर्णय सहित यस विद्यालयको च.नं. ६१ मिति २०८२/१२/०५ को पत्रबाट विद्यालयमा रिक्त रहेको माध्यमिक तह नेपाली विषयको करार (सट्टा) शिक्षक पदपूर्तिका लागि पोखरा महानगरपालिकाको कार्यालय शिक्षा महाशाखाको मिति २०८२/१२/०६ को निर्णयानुसार तपसिलमा उल्लेखित योग्यता पुगेको नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
विज्ञापन नं.: ०२/२०८२/२०८३ पदः शिक्षक संख्याः १ जना
तहः मा.वि. (नेपाली) किसिमः करार (सट्टा)
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारको प्रचलित नियम सरह
योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह
**आवश्यक कागजातहरु:**
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान
दरखास्त दिने अन्तिम मितिः २०८२/१२/२० गते ४:०० बजेसम्म
सम्पर्क मितिः २०८२/१२/२२ गते १०:०० बजेपछि
दरखास्त दस्तुरः रु १५००।- (एक हजार पाँच सय मात्र)
- परीक्षाको किसिमः लिखित, अन्तरवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन
निवेदन दिने स्थानः श्री जनज्योती मा.वि., पोखरा-२८, झाझरमारे, कास्की
परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ ।
सम्पर्क नं.: ९८५६०६१३३० (प्र.अ.), ९७४५४५४४४७ (वि.व्य.स.अध्यक्ष)
**पुनश्चः** शिक्षक सेवा आयोगबाट करार सूचिमा पर्नु भएका उम्मेदवारले आवश्यक कागजातसहित ७ दिनभित्र निवेदन दिनुहुन अनुरोध छ। विदा परेको समयमा पनि माथिको फोन नं. मा सम्पर्क गरी दरखास्त बुझिलिइनेछ ।

**श्री जनज्योती मा. वि.**
**पोखरा-२८, झाझरमारे, कास्की**


# मुक्तिक्षेत्रमा भारी हिमपात

**रासस**
गण्डकी, ६ चैत

यहाँस्थित वारागुङ मुक्तिक्षेत्रमा छैटौँ पटक भारी हिमपात भएको छ । शुक्रबार अपराह्न ४:०० बजेदेखि मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भएको हो । मुस्ताङमा कात्तिक १० गतेयता हालसम्म छैटौँपटक हिमपात भएको छ ।

वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथ क्षेत्रका निरन्तर रूपमा भारी मात्रामा हिमपात भइरहेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो । हिमपातसँगै मुक्तिनाथ मन्दिर क्षेत्र आसपासका डाँडाकाँडा हिउँले सेताम्मे भइसकेको व्यवस्थापक भुसालले बताउनुभयो ।

मुक्तिनाथ मन्दिरमा बिहानपख बढी मात्रामा दर्शनार्थी हुने गरेको र हिमपात केहीबेर अघिमात्रै सुरु भएकाले दर्शनार्थीलाई खासै समस्या नपरेको व्यवस्थापक भुसालको भनाइ छ । हिमपातका कारण चिसो अत्यधिक बढेकाले स्थानीय जनजीवन प्रभावित भएको व्यवस्थापक भुसालको भनाइ छ । त्यसैगरी, मुक्तिनाथ क्षेत्रको मुक्तिनाथ, रानीपौवा, झारकोट, खिङ्गा, छेङ्गुर, पुडाक र झोङलगायतका स्थानमा बाँक्लो हिमपात भइरहेको जनप्रिय युवा क्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीले जानकारी दिनुभयो । "मुक्तिक्षेत्रमा दिउँसोदेखि हिउँ पर्न थालेको छ, हिउँले मुक्ति क्षेत्र पूरै सेताम्मे भइसकेको छ", अध्यक्ष ठकुरीले भन्नुभयो, "रातभरि हिउँ परेमा दुई फिट बढी हिउँ जम्ने देखिन्छ, हिउँले सडकसमेत अवरुद्ध हुनसक्ने सम्भावना छ ।"

त्यसैगरी, माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा पनि दिउँसोदेखि हिमपात भइरहेको एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । हिमपात नरोकिएमा माथिल्लो मुस्ताङका सबै भाग हिउँले ढाकिने बताउनुभयो । हिमपातसँगै माथिल्लो मुस्ताङमा चिसो बढेका कारण स्थानीयको दैनिकीमा प्रतिकूल असर पुऱ्याएको एक्याप प्रमुख पौडेलको भनाइ छ । त्यस्तै, मुस्ताङका तल्लो क्षेत्र थासाङ गाउँपालिका र घरपझोङ गाउँपालिका क्षेत्रका उच्चलेकमा आंशिक हिमपात भइरहेको र बस्ती क्षेत्रमा दिउँसोदेखि निरन्तर वर्षा भइरहेको जनाइएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, भुवानी मन्दिर कृयापुत्री भवन स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहो/ा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः भुवानी मन्दिर कृयापुत्री भवन स्तरउन्नती
योजना संचालन गर्ने कार्यालयः उद्योग तथा पर्यटन मन्त्रालय सामाजिक विकास तथा खेलकुद मन्त्रालय
ठेगानाः पोखरा-३३ जामुनाबोट
योजना सम्झौंता मितिः २०८२/११/१५ गते
योजना सुरु मितिः २०८२/११/१६ गते
योजना सम्पन्न हुने मितिः २०८३/०१/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/०५ गते
योजनाको कुल लागतः रु. ५,५५,५८५.८८
एकीकृत सेवा कार्यालय कास्की : रु. ५,००,०००।-
उपभोक्ता समितिबाटः रु. ५५,५८५.८८
उपभोक्ता समिति अध्यक्षः जगन्नाथ आचार्य
मो. ९७६५६५५७७७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**भुवानी मन्दिर कृयापुत्री भवन स्तरउन्नती उपभोक्ता समिति पोखरा-३३ जामुनावोट**



## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबुखैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धी सूचना

**यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८२/०८३ का लागि मिति २०८२/१२/११ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्त:शुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।**

| ब्राण्ड | मि.लि. | यू. पी. | रिजनल डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | रिजनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | होलसेल मुल्य प्रति कार्टून | होलसेल कमिशन प्रति कार्टून | रिटेल मुल्य प्रति कार्टून | रिटेल कमिशन प्रति कार्टून | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | 500 | 50 | 6350.00 | 150.00 | 6500.00 | 320.00 | 6820.00 | 380.00 | 7200.00 | 900.00 | 8100.00 | 450.00 |
| IMAGE 180 ML | 180 | 50 | 6350.00 | 150.00 | 6500.00 | 320.00 | 6820.00 | 380.00 | 7200.00 | 960.00 | 8160.00 | 170.00 |
| Twenty- Twenty | 180 | 50 | 6250.00 | 150.00 | 6400.00 | 250.00 | 6650.00 | 350.00 | 7000.00 | 680.00 | 7680.00 | 160.00 |
| उत्सव एप्पल फ्लेवर H.B.,मिराकल, उत्सव XXX, उत्सव दूधिया स्पेशल,,ब्यालेन्स | 180 | 50 | 6050.00 | 150.00 | 6200.00 | 250.00 | 6450.00 | 250.00 | 6700.00 | 692.00 | 7392.00 | 154.00 |
| उत्सव सूनामी स्ट्रोङ,सूनामी एक्स्ट्रा ड्राई , एक्स्ट्रीम, मिराज,सूनामी स्ट्रोङ, | 180 | 50 | 5850.00 | 150.00 | 6000.00 | 250.00 | 6250.00 | 250.00 | 6500.00 | 604.00 | 7104.00 | 148.00 |
| KARUWA APPLE 18 G.M / PREMIUM , X-CITE GOLD, ARROW EXTRA STRONG | 300 | 70 | 1370.00 | 30.00 | 1400.00 | 65.00 | 1465.00 | 60.00 | 1525.00 | 155.00 | 1680.00 | 56.00 |
| XCITE BLUE , KARUWA APPLE 14 GM | ३०० | ७० | 1295.00 | 30.00 | 1325.00 | 55.00 | 1380.00 | 60.00 | 1440.00 | 150.00 | 1590.00 | 53.00 |
| KARUWA(Blue/Pineapple), 4G | 300 | 70 | 1230.00 | 20.00 | 1250.00 | 50.00 | 1300.00 | 55.00 | 1355.00 | 145.00 | 1500.00 | 50.00 |
| KARUWA(Litchi/Nimbu), ARROW APPLE, FATAFAT, FATAFAT GREEN , 4 STAR | ३०० | ७० | 1130.00 | 20.00 | 1150.00 | 50.00 | 1200.00 | 50.00 | 1250.00 | 100.00 | 1350.00 | 45.00 |
| करुवा ठेकी दूधिया/ब्ल्याक, करुवा दूधिया /ब्ल्याक, पानश दूधिया /ब्ल्याक, एरो दूधिया /ब्ल्याक | 300 | 70 | 1130.00 | 20.00 | 1150.00 | 50.00 | 1200.00 | 50.00 | 1250.00 | 100.00 | 1350.00 | 45.00 |

**नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यपारीक अवश्यकता अनुसार विभिन्न व्यपारीक एवं छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।**